**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ३ मितिः १८/०६/२०७७

**भाग-२**

**रघुगंगा गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

# करार शिक्षक छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ९ मा भएको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ज) मा भएको व्यवस्था बमोजिम आधारभूत र माध्यमिक तहको शिक्षासम्बन्धी व्यवस्थालाई कार्यान्वयन गरी रघुगंगा गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक शून्य दरबन्दी भएका निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयहरुलाई गाउँपालिकाद्वारा प्रदान गरिएका दरबन्दीमा शिक्षक छनोट तथा सिफारिस प्रक्रियालाई व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

आ.व. २०७७/०७८ को बजेट कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम 'करार शिक्षक छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७' रहेको छ ।

(२) यो कार्यविधि रघुगंगा गाउँपालिकाभित्र तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नबुझाएमा यस कार्यविधिमा :

(क) विद्यालय भन्नाले रघुगंगा गाउँपालिका अन्तर्गत नि.मा.वि./मा.वि.तहमा शून्य दरबन्दी भएका सम्पूर्ण सामुदायिक विद्यालय सम्झनुपर्दछ ।

(ख) गाउँपालिका भन्नाले रघुगंगा गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ग) कार्यपालिका भन्नाले रघुगंगा गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(घ) परीक्षा भन्नाले करारका शिक्षक छनोट गर्न लिइने लिखित र मौखिक तथा प्रयोगात्मक परीक्षा सम्झनुपर्दछ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(च) शिक्षा शाखा भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ ।

(छ) शिक्षा अधिकृत भन्नाले गाउँपालिकाको शिक्षा अधिकृतलाई सम्झनुपर्दछ ।

(ज) व्यवस्थापन समिति भन्नाले सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापनको लागि गठित विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनुपर्दछ ।

(झ) प्रधानाध्यापक भन्नाले गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्दछ ।

३. **दरबन्दी पहिचान र वितरण :** (१) शून्य नि.मा./मा.वि. दरबन्दी भएका विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा १ महिना अगावै विद्यालय व्यवस्थापन समितिको निर्णयसहित गाउँपालिकामा दरबन्दीका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन दिँदा विद्यालयलाई आवश्यक परेको विषय शिक्षक तोकी सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ ।

(३) विद्यालयहरुले दिएको निवेदन उपर गाउँ शिक्षा समितिले छलफल गरी आवश्यकताका आधारमा प्राथमिकताक्रम तोकी गाउँपालिकाबाट प्रदान गरिने दरबन्दी स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्नेछ । तर कार्यपालिकाले आवश्यकताका आधारमा शिक्षक दरबन्दी उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

(४) शिक्षा समितिको प्राथमिकताक्रम तथा सिफारिसका आधारमा गाउँकार्यपालिकाले शून्य नि.मा./मा.वि. दरबन्दी भएका रघुगंगा गाउँपालिकाभित्र सञ्चालित निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयहरुलाई शिक्षक आवश्यकताको औचित्यका आधारमा गाउँपालिकाले एक/एकवटा दरबन्दी वितरण गर्न सक्नेछ ।

४. **दरखास्त आह्वान** : (१) विद्यालयले प्रदान गरेको निवेदनका आधारमा गाउँपालिकाले राष्ट्रिय स्तरको पत्रिकामा १५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशित गरी दरखास्तका लागि आह्वान गर्नेछ । साथै सो सूचना गाउँपालिकाको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(२) योग्य उम्मेदवारले रितपूर्वक **अनुसूची १** बमोजिमको ढाँचामा गाउँपालिकामा दरखास्त पेश गर्नुपर्नेछ ।

(३) उपदफा १ बमोजिम गरिएको विज्ञापनमा अध्यापन अनुमति पत्र भएको उम्मेदवारको दरखास्त नपरेमा पुनः विज्ञापन गरिने छ ।

(४) उपदफा ३ बमोजिम गरिएको विज्ञापनका लागि अङ्ग्रेजी, गणित र विज्ञान विषयको हकमा मात्र अध्यापन अनुमति पत्रलाई अनिवार्य गरिने छैन ।

५. **उम्मेदवारको लागि आवश्यक योग्यता** : (१) देहायका व्यक्तिहरु शिक्षक पदमा उम्मेदवार हुनको लागि योग्य हुनेछन् :

(क) नेपाली नागरिक
(ख) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
(ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।
(घ) मगज नबिग्रेको
(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

(२) आधारभूत तहको हकमा माध्यमिक शिक्षा उत्तीर्ण/प्रवीणता प्रमाणपत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको तथा माध्यमिक तहको हकमा सम्बन्धित विषयमा स्नातक वा सोसरहको परीक्षा उत्तीण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको हनुपर्नेछ ।

(३) प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले गाउँपालिकाबाट निर्धारित दरखास्त फाराम भरी तोकिए बमोजिमको दस्तुर र प्रक्रिया पुरा गरी निर्धारित समयमा नै दरखास्त बुझाउनुपर्ने छ ।

(४) म्याद नाघी आएको दरखास्त उपर कुनै कामकारबाही गर्न गाउँपालिका बाध्य हुने छैन् ।

६. **करार शिक्षक छनौट समिति** : (१) गाउँपालिकाबाट प्रदान गरिएको दरबन्दीमा करार शिक्षक छनौट गर्न प्रयोजनका लागि देहाय बमोजिमको एक करार शिक्षक छनौट समिति रहने छ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) गाउँपालिकाले मनोनित गरेको विषयविज्ञ २ जना - सदस्य
(ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य
(घ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) उपदफा १ को खण्ड ख मा मनोनित गर्ने विषयविज्ञ आधारभूत तहको लागि स्नातक तह उत्तीर्ण गरी सम्बन्धित विषय र तहमा कम्तीमा पाँच वर्ष अध्यापन गरेको तथा माध्यमिक तहको लागि स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित विषय र तहमा कम्तीमा पाँच वर्ष अध्यापन गरेको हुनुपर्नेछ ।

(३) करार शिक्षक छनौट समितिको सचिवालय शिक्षा शाखामा हुनेछ ।

(४) करार शिक्षक छनौट समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) करार शिक्षक छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा १ बमोजिम गठित समितिले लिखित, अन्तर्वार्ता तथा आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा लिनेछ ।

(७) यस कार्यविधिमा उल्लेख भएको बाहेकको करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम नै हुनेछ ।

७. **पाठ्यक्रम तथा परीक्षा** : (१) गाउँपालिकाबाट प्रदान गरिएको दरबन्दीमा करार शिक्षक छनौट गर्न प्रयोजनका लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार नै परीक्षा सञ्चालन गरिने छ ।

(२) उपदफा १ बमोजिम लिइने परीक्षा लिखित र मौखिक हुनेछ । दफा ६ को उपदफा १ बमोजिम गठित समितिले आवश्यक ठानेमा प्रयोगात्मक परीक्षा लिन सक्नेछ ।

८. **परीक्षा केन्द्र** : लिखित तथा अन्तर्वार्ता लगायतका सम्पूर्ण परीक्षाहरु गाउँपालिका वा गाउँपालिकाले तोकेको स्थानमा सञ्चालन हुनेछन् ।

९. **परीक्षा सञ्चालन** : (१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको जिम्मा रहेको सिलबन्दी प्रश्नपत्र करार शिक्षक छनौट समितिको रोहवरमा सो समितिको संयोजकले परीक्षा सञ्चालन हुनुभन्दा ३० मिनेट अगाडि खोली निर्धारित प्रश्नपत्र परीक्षा सञ्चालन गर्ने प्रतिनिधी वा विषय विशेषज्ञलाई प्रदान गर्नुपर्ने छ ।

(२) प्रश्नपत्रको गोपनीयता कायम गर्ने कार्य करार शिक्षक छनौट समिति तथा विषयविज्ञको वा परीक्षा सञ्चालनमा सहभागी भएको कर्मचारीको दायित्व हुनेछ ।

१०. **उत्तरपुस्तिका परीक्षण र अङ्कन** : (१) करार शिक्षक छनौट समिति वा शिक्षा शाखा प्रमुखको रोहवरमा सम्बन्धित परीक्षा केन्द्रमा सहभागी भएका उम्मेदवारहरुको उत्तरपुस्तिका विषय विशेषज्ञद्वारा परीक्षण र अङ्कन गरिनेछ ।

११. **अन्तर्वार्ता** : (१) करार शिक्षक छनौट गर्दा अन्तर्वार्ताको लागि शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम १० अङ्कभार निर्धारण गरिने छ। यसरी तोकिएको अङ्कभार अनुसार उम्मेदवारलाई अङ्क प्रदान गर्दा ४ भन्दा कम र ७ भन्दा बढी अङ्क प्रदान गरिने छैन ।

(२) उपदफा १ बमोजिम कम वा बढी अङ्क दिनुपर्ने भएमा अन्तर्वार्ताकारले स्पष्ट कारण खुलाउनु पर्ने छ ।

(३) अन्तर्वार्ता समितिमा प्रशासकीय प्रमुख, सम्बन्धित विषय विशेषज्ञ, प्रधानाध्याप र शिक्षा शाखा प्रमुख सदस्य रहनेछन् । यस्तो समितिले दफा ११ को उपदफा बमोजिमको अङ्कभार बमोजिम अन्तर्वार्ता लिनेछ ।

(४) उपदफा ३ बमोजिमको समितिले लिएको अन्तर्वार्ताको कुल प्राप्ताङ्कलाई जोडेर औषत प्राप्ताङ्क निकालिनेछ ।

१२. **योग्यताक्रम कायम** : (१) उम्मेदवारले लिखित परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अङ्कलाई जोडेर एकीकृत प्राप्ताङ्क निकालिनेछ। यसरी निकालिएको प्राप्ताङ्कका आधारमा उम्मेदवारको योग्यताक्रम कायम गरिने छ ।

(२) उपदफा १ बमोजिम कायम गरिएको योग्यताक्रममा जुन उम्मेदवारको प्राप्ताङ्क बढी छ सोही उम्मेदवारलाई नै करार शिक्षक छनोट समितिले नियुक्तिका लागि गाउँपालिका समक्ष सिफारिस गर्नेछ ।

१३. **नियुक्ति** : दफा १२ बमोजिम सिफारिस भएको उम्मेदवारलाई प्रशासकीय प्रमुखले तोकिएको विद्यालयमा नियुक्ति गर्नेछ ।

१४. **वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्न सक्ने** : (१) दफा १३ बमोजिम नियुक्त भएको शिक्षक सम्बन्धित विद्यालयमा १५ दिनभित्र हाजिर हुन नगएमा वा १ वर्षको अवधि पुरा नहुँदै बिचैमा शिक्षण पेशा छोडेमा वा निजले राजीनामा दिएमा वा निजको मृत्यु भएमा वैकल्पिक उम्मेदवारले स्वतः नियुक्ति पाउने छ ।

(२) उपदफा १ मा जेसुकै कुरा लेखिएको भएपनि गाउँपालिकाले नियुक्त गरेको १ वर्ष पुरा भएपछि रिक्त भएको दरबन्दीमा कुनै वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइने छैन ।

**१५. दरखास्त, परीक्षा वा नियुक्ति बदर हुने :** (१) कुनै पनि उम्मेदवारले कुनै झुठा विवरण पेश गरी दरखास्त दिएमा, परीक्षामा सहभागी भएमा वा नियुक्त भएमा उक्त उम्मेदवारको दरखास्त, परीक्षा तथा शिक्षक पद स्वतः बदर हुनेछ ।

(२) उपदफा १ बमोजिम बदर भएको दरखास्त तथा परीक्षाको हकमा परीक्षा दस्तुर फिर्ता हुने छैन ।

(३) उपदफा १ बमोजिम बदर भएको नियुक्ति बदर हुँदासम्म शिक्षकले खाएको तलबभत्ता गाउँपालिकामा फिर्ता गर्नुपर्ने छ ।

**१६. करार अवधि** : (१) यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षकको अवधि एक शैक्षिक सत्र हुनेछ ।

(२) उपदफा १ मा बमोजिम नियुक्त भएको शिक्षकले गाउँपालिकासँग गरेको करार सम्झौता बमोजिमको शैक्षिक उपलब्धि हासिल गराउन नसकेमा त्यस्तो शिक्षकलाई गाउँपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ । यसरी हटाउनु भन्दा अगाडि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) गाउँपालिकासँग गरेको करार सम्झौता बमोजिमको शैक्षिक उपलब्धि प्राप्त गरेको वा शैक्षिक उपलब्धि सन्तोषजनक देखिएमा गाउँपालिकाले करार अवधि पुनः एक शैक्षिक सत्रका लागि थप गर्नेछ ।

**१७. बाधा अड्काउ फुकाउ र व्याख्या :** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

(२) यस कार्यविधिको कुनै दफा तथा उपदफामा द्विविधा उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार गाउँपालिकामा हुनेछ ।

(३) यस कार्यविधिमा लेखिएको विषय यही कार्यविधि बमोजिम र अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

**१८. संशोधन** : यस कार्यविधिमा गाउँपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

**अनुसूची १**
**दफा ४ को उपदफा २ सँग सम्बन्धित**
**दरखास्तका लागि आवेदन फाराम**

पासपोर्ट साइजको फोटो

**कार्यालय प्रयोजनको लागि मात्र**
विद्यार्थीको कोड नं.

**विज्ञापन नं.**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नाम : (नेपालीमा) | | | | | | लिङ्ग : | |
| नाम : (अङ्ग्रेजीमा) | | | | | | | |
| नागरिकाता नं.: | | | जारी गर्ने जिल्ला : | | | जारी मिति : | |
| स्थायी ठेगाना : | प्रदेश | | जिल्ला | | गा.पा/न.पा | | |
| | वडा नं. | | टोल | | सम्पर्क नं. | | |
| बाबुको नाम, थर : | | | | | | बाबुको पेसा : | |
| आमाको नाम, थर : | | | | | | आमाको पेसा : | |
| जन्ममिति : | | | दरखास्त दिने मितिमा आवेदकको उमेर : | | | | |

| | | | | |
|---|---|---|---|---|
| शैक्षिक योग्यताको विवरण | | | | |
| योग्यता | विद्यालय/क्याम्पस | उत्तीर्ण गरेको साल | प्राप्ताङ्क (प्रतिशत/CGPA) | |
| कक्षा १० (SEE) | | | | |
| कक्षा १२ | | | | |
| स्नातक तह | | | | |
| स्नातकोत्तर तह | | | | |
| अन्य | | | | |
| दरखास्त दिन चाहेको तह : | | दरखास्त दिन चाहेको विषय : | | |
| माथि लेखेको विवरण साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला भनी गर्ने हस्ताक्षर : | | | | |

---

## प्रवेश पत्र

पासपोर्ट साइजको फोटो

विज्ञापन नं. :
नाम : लिङ्ग :
ठेगाना : उम्मेदवारको हस्तखत :
परीक्षा केन्द्र :
परीक्षा हुने मिति : समय :

**कार्यालयले भर्ने**

रघुगंगा गाउँपालिकाबाट लिइने परीक्षामा सहभागी हुनका लागि तपाईँलाई यो प्रवेश पत्र दिइएको छ। विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा यो प्रवेश पत्र रद्द हुनेछ।

कोड नं. : कर्मचारीको दस्तखत : कार्यालयको छाप :

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत